# प्रदेश सभा

# गण्डकी प्रदेश

# आठौं अधिवेशन

# (एक्काइसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति - २०७८।०३।३० गते

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११:२३ बजे प्रारम्भ भयो।

**माननीय सभामुख -**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ। हैन अस्ति माननीय सदस्यहरुले यो सदनलाई सहज ढंगले अगाडि बढाउने भन्ने कुरा थियो फेरि आज अवरुद्ध भयो। सहज ढंगले जाने भनेर सहमति गर्नुभयो भन्ने भयो खुशियाली पनि भयो। अब के छ मननीयहरुको आफ्नो कुरा म एकजना माननीयलाई माननीय रामशरण बस्नेतज्यूलाई आफ्नो कुरा राख्न अनुमति दिन्छु।

**माननीय सदस्य रामशरण बस्नेत**

सभामुख महोदय, आज मात्रै बिहान साँढे आठ बजे हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी एमाले प्रदेश सभा संसदीय दलको तर्फबाट हामीले मुख्यमन्त्रीज्यूलाई हामीले ध्यान आकर्षण पत्र बिहान मात्रै बुझायौं र केही कुराहरु उहाँलाई हामीले राख्यौं र उहाँले भन्नुभयो यी नैतिक रुपमा पनि जुन वार्षिक योजनाको पुस्तिका निक्लेको छ त्यो पुस्तिकाको सन्दर्भमा हामीले कुरा उठाइसके सकेपछि नैतिक रुपमा पनि मैले यो कुरा जिम्मेवारी लिन्छु, प्राविधिक कुरा भएको कारणले केही साथिहरूसँग सल्लाह गरेर उत्तर दिन्छु भन्नुभएको थियो र अहिले सदन चलिरहँदा यो अवस्थामा आइपुग्दा नेकपा एमाले संसदीय दललाई उहाँले कुनै पनि सूचना गर्नुभएको छैन र म सूचना उहाँले नगरेका कारणले मात्र होईन बजेट वक्तव्यका सन्दर्भमा यहाँ माननीयज्यूहरुले अति उत्कृष्ट बजेट यो भन्दा राम्रो बजेट अरू हुन सक्दैन भन्ने कुराहरू यहाँ उठेको थियो र हामीले दश बुँदालाई हामीले ध्यान आकर्षण गराएका छौं, त्यो सच्चिनु पर्छ, सुधार्नु पर्छ, यो नेकपा एमाले सदंसदीय दलको माग हो र हामीले भनेका छौं के आधारमा योजनाहरु छनौट भएका छन्। आज मलाई लाग्छ यहीं सत्तापक्षका माननीयज्यूहरुले पनि एउटा गीत त्यो छ, मुटुमाथि ढुंगा राखी हास्नु पर्या छ भनेको जस्तै गरेर योजना छुटेका छन्

होला महत्वपूर्ण योजनाहरु नभए हामी देखाइदिन सक्छौ, ति योजनाहरु छुटाउन उपयुक्त छन कि छैनन त्यो बारेमा सोच्न जरूरत छ। अहिले सरकारले जुन विनियोजन गर्यो यो विवेकहिन तरिकाले विनियोजन भैरहेको छ। वजेट विनीयोजन आज हामीले हेर्ने हो भने सरकारले भन्छ के भन्छ भने पुराना योजनाहरु जुन महत्वपूर्ण छ, एक स्थानीय तहबाट भनेको स्थानीय तहको केन्द्र जोड्ने सडक आज २ करोड ५० लाख छुट्याएको योजनाहरू छुटेका छन।

रणनीतिक सडकहरु जुन १ करोड भन्दा माथि छुट्याएका थिए ३ वर्षसम्म लगातार वजेट हालिएका योजनाहरु छुटेका छन् र आज बजेट छैन भन्ने अनि १ लाख देखि ३० लाखसम्म ६७८ वटा योजनाहरू थप गर्ने यो विधि कुन विधि हो? त्यो विधिको उत्तर चाहियो। आज हामीले हेर्यौं भने १ लाख देखि १० लाख सम्मका योजनाहरु ३३८ वटा थपिएका छन्। १२ लाख देखि २० लाख सम्म २३६ वटा योजनाहरु थपिएका छन्। २५ लाख देखि ३० लाखसम्म १०४ वटा योजनाहरु थपिएका छन। यो योजनाको अब वितरण कसरी भएको छ? यो पक्षपातपूर्ण छ कि छैन? यो एकदम वुद्धिमतापूर्ण तरिकाले वितरण भएको छ कि छैन? त्यो हामीले हेर्यौं भने एउटा जिल्ला ११ वटा जिल्लामा १ वटा जिल्लालाई ११९ वटा योजना, अनि एउटा जिल्ला सानो हुन सक्छ, त्यो जिल्लालाई जम्मा ५ वटा योजना छ कहाँको न्यायोचित वितरण हो यो? हामीले ४ वटा निर्वाचन क्षेत्रलाई हेर्ने हो भने एउटा जिल्लाको ४ वटा निर्वाचन क्षेत्र भएको ठाँउमा यही १ देखि ३० लाखका योजना हेर्ने हो भने ११६ वटा छन, अनि अर्को जिल्लालाई हेर्ने हो भने ६२ वटा अनि २ वटा निर्वाचन क्षेत्र भएको जिल्लालाई हामीले हेर्यो भने ९३ वटा एउटा जिल्लालाई छ। ५ वटा एउटा जिल्लालाई छ त्यो ५ वटा पनि ३० लाखको छैन २० लाखको १ वटा छ।४ वटा १ लाख देखि १० लाखसम्म छ त्यो जिल्ला मुस्ताङ जिल्ला हो, त्यो मुस्ताङ जिल्लाका जनताहरुले यो सरकारप्रति के नराम्रो काम गरेको थियो त्यो सरकारले जवाफ दिन जरुरत छ।

आज म्याग्दी हेर्यो, लमजुङ हेर्यो आज योजनाका संख्याहरु स्वाट्टै काटिएका छन्, घटाइएका छन् न्यायोचित वितरण भएको छैन, यो न्यायोचित वितरणका सन्दर्भमा सरकारले ध्यान दिन जरुरत छ भन्ने म आफूलाई लाग्छ। त्यही भएको कारणले मैले भनिरहेको छु पक्षपात पूर्ण, विवेक पूर्ण र जुन असन्तुलित विकासका किताबहरू राता किताबहरु यहाँ ल्याइएका छन् यी सच्याउन जरूरत छ। सरकारमा बसेर जनतामाथि हैकम चलाउने अधिकार कुनै पनि सरकारलाई छैन। कुनै पनि तानाशाही सरकारलाई छैन । यसकारणले गर्दा हामी जिम्मेवारपूर्वक हामी प्रस्तुत भएका छौं र मैले सुनिरहेको छु, हाम्रो हिजोको सहमति अन्धाधुन्ध ल्याएको बजेट पास गर्नका निम्ति थिएन भन्ने कुरा पनि म सदनमा राख्न चाहन्छु। आज दिर्घकालीन सोचका साथ बजेट आएन हामीले भन्यौं कनिका छरेका जस्ता गरेर करोडौं

रुपैयाको योजनालाई १ लाख रूपैयाँ छुट्याएर खानेपानी योजना १०० वर्षपछि जनतालाई खानेपानी दिने हो? ५ लाख छुट्याएर पच्चीस वर्षपछि अर्थात २० वर्षपछि जनतालाई पानी खुवाउने हो? यस्तो बजेटलाई नेकपा एमालेले साथ दिएर, सहयोग दिएर अगाडि बढ्न सक्दैन र यो कार्यकर्ता पोस्ने हो, उपभोक्ता समिति मार्फत सारा योजनाहरु कार्यान्वयन गर्ने गरेर ल्याइएको र एउटा कालो कोठामा बसेर षडयन्त्रपूर्ण तरिकाले ल्याइएको यो बजेटलाई हामी स्वीकार्न नसक्ने कुरा सभामुख मार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छौं।

के परिणाम आउँछ १ लाखले बाटो बनाएर के परिणाम आउँछ? सरकारलाई म सोध्न चाहान्छु। पिच हुन्छ, ग्याभेल हुन्छ अनि नाली बन्छ, कल्भर्ट बन्छ, सरकारले ल्याउने यस्तै बजेट हो। आज एउटा वार्डमा, एउटा जिल्लामा पाँचवटा योजना वितरण भएको छ जम्मा र एउटा वार्डमा त्यो वार्डको नाम पनि हामी दिन सक्छौं। एउटा वार्डमा ९ वटा योजना वितरण भएको छ, यही हो न्यायोचित ? यही हो गठवन्धनले देखाएको हर्कत? यसो भएको कारणले हामी भन्न चाहान्छौं, हिजो सेतो किताव भनेर आलोचित गर्नेहरु एकमुष्ट पोके बजेट गर्ने र गीत गाउनेहरु अहिले पनि सदनमा हुनुहुन्छ उहाँहरुले यो पोके बजेटलाई सगौरव शिर ठाडो गरेर राम्रो बजेट भन्नुहुन्न होला भन्ने लाग्दछ। महत्वपूर्ण योजना काटिएका छन्? ती योजनाहरु सच्याउनु पर्छ भन्नुहुन्छ होला। साँच्चै जनताका जनप्रतिनिधि भएर प्रतिनिधित्व गरेको हो भने त्यो भन्ने हिक्मतकासाथ राख्न पर्छ।

यसो भएको कारणले हामीले भन्ने गरेका कितावमा नीति कार्यक्रममा बजेटमा सुन्दर अक्षरले रुइला भन्ज्याङ भनेर ल्याइयो। रुइला भन्ज्याङलाई अर्थमन्त्रीज्यू, मुख्यमन्त्रीज्यू, माननीय मुख्यमन्त्रीज्यू, अहिले अर्थमन्त्रीको जिम्मा लिइरहनु भएको छ तपांईले रूइला भन्जाङ्लाइ कति पैसा छुट्याउनुभएको छ र सुनौला अक्षरले नीति तथा कार्यक्रम र बजेटमा ती पाना भोर्नुभएको थियो? त्यहाँ खाली राखेको भए कुरो अहिले उठ्ने थिएन। त्यसो भएको कारणले भन्न सक्नुपर्छ करोडौं बजेटहरु, वहुवर्षिय योजना, जुन अर्थमन्त्रालयबाट श्रोत सुनिश्चितता गरेर टेण्डर भएका योजनाहरु रोक्ने अनि १ लाख, २ लाख, ३ लाख, ४ लाख, ५ लाख, ६ लाख, ७ लाख, ८ लाख, १० लाखका योजना सयौं योजना कसलाई खुशी बनाउनको निम्ति? मुलुकलाई रुपान्तरण गर्नका निम्ति हो? परिवर्तन गर्नका निम्ति हो? जनताको प्रतिनिधित्व भएपछि जनताले देखिने गरी वाडको कुनै गाउँपालिकाको, वाडको अध्यक्ष भएर पैसा वितरण गरिरहेको छ कि?
गण्डकी प्रदेशको मुख्यमन्त्री भएर त्यो कुरा सोच्न जरुरत छ। हामीले प्रतिपक्षले रचनात्मक सल्लाह र सुझाव दिने हो। तपाईंहरुले ल्याएका बजेटहरू थुप्रै त्रुटीपूर्ण छन। यसरी हामीले विकासको गतिलाई अगाडि बढाउने हो भने हजारौ वर्षसम्म तपाईंहरुले नेतृत्व गरेपनि यो

चारवटा गठवन्धनले हजार वर्ष नेतृत्व गरेपनि मुलुकलाई रुपान्तरण गर्न सक्दैन, परिवर्तन गर्न सक्दैन, जनताको आर्थिक समृद्धि ल्याउन सक्दैन र गण्डकी प्रदेशलाई एउटा सम्वृद्ध प्रदेश र गण्डकी प्रदेशका जनतालाई सुखी नागरिकको रूपमा रूपान्तरण गर्न सक्दैन। आज योजना विनियोजन भएको छ मन्त्रीज्यूहरु प्राय धेरै जिल्लाका हुनुहुन्न आफ्नो निर्वाचन क्षेत्रमा कति परेको छ? अन्त कति परेको छ? ३६ वटा निर्वाचन क्षेत्रमा हेर्नु पर्छ। ३६ वटा निर्वाचन क्षेत्रमा सून्य वजेट भएका जिल्लाहरू पनि छन् होला सायद खोज्दै जाने हो भने।
निर्वाचन क्षेत्र छ होला सायद। एउटा मात्रै ३० लाखको परेको पनि हुन सक्छ घोरिनसु तपांईहरू यही हो न्यायोचित वितरण? यही हो पारदर्शिता, यहि हो सुशासन गर्छु भनेर छिःछि गर्ने घमण्ड यसो भएको कारणले तपाईंहरूले अहिले जे काम गरिरहनु भएको छ? मन्त्रालयमा जसरी एकमुष्ट बजेट राखेपछि एकदम रमिता हेर्ने गरी, निर्वाचन अउँदै गर्या छ। हामी बिच सल्लाह गरेर हालुँला भनेर तपाईंहरुले बजेट राख्नुभएको छ भने त्यो तपाईंहरुको दिवा सपना नेकपा एमाले संसदिय दलले दिवा सपनाको रुपमा रुपान्तरण गरिदिने छ। सुशासन आउँदैन र अब यहाँ भ्रष्टाचारका गन्धहरु अब विस्तार अगाडि बढ्न थाल्छन्। त्यसो भएको कारणले म सभामुख महोदय, म हार्दिक अनुरोध गर्छु सरकारलाई। सरकार सच्चिनु पर्छ, यहाका बजेटहरुलाई पुनर्विचार गर्नु पर्छ र अव त्यो अवस्था नहुन्जेल सम्म हामीले ध्यानाकर्षण गरेका कुराहरुको उचित माननीय मुख्यमन्त्रीज्यूले संवोधन नगरुन्जेलसम्म यो सदन अगाडि बढ्न सक्दैन। यिनै कुराहरु राखेर हामीले १० वटा बुँदा हामीले ध्यानाकर्षण गराइसकेको छौं। त्यो ध्यानाकर्षणको प्रतिक्षामा नेकपा एमालेको संसदीय दल छ र हामी संसदलाई अगाडि बढाउन नदिने कुरा म सभामुख मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। यिनै कुराहरु भन्दै आफ्ना भनाई टुङ्गाउँछु, हस धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब पहिलो कुरा अस्ती मात्रै हामीले विनियोजन विधेयक सदनमा टेवुल भयो त्यो आजबाट मुख्यमन्त्रीले प्रस्तुत गरेर माननीयहरुका आफ्ना धारणा राख्ने कुरा बाँकी नै छ हाम्रो यो कार्यसुचीमा पनि त्यो कुरा छ। सबै माननीयहरुलाई समय निर्धारण गरिएको छ। माननीयहरुले राखिसकेपछि स्वभाविक रुपमा मुख्यमन्त्री अथवा अर्थमन्त्रीले त्यसको जवाफ दिनुपर्छ भन्ने लाग्छ। अब त्यो जवाफ दिने कुरा, त्यसलाई कसरी लैजाने कुरा प्रतिपक्षको प्रश्नलाई कसरी संम्वोधन गर्ने भन्ने कुरा मुख्यमन्त्री तथा अर्थमन्त्रीले त्यो सम्बोधनको क्रममा गर्नुहुन्छ, गर्नु पर्छ र हाम्रो यो कार्यसूचीले पनि हाम्रो यो पेपरले पनि हामीलाई त्यही भन्छ। माननीयहरुको आफ्नो कुरा राख्ने कुरा स्वभाविक रूपमा यहाँ छ। उहाँले अहिले त्यो प्रस्ताव छलफलको लागि टेबुल पनि गर्नु भएको छैन। केवल अस्ति विनियोजन विधेयकमाथिको टेबुल मात्र भएको छ, छलफलको लागि प्रस्तुत गर्नु भएको छैन। त्यो प्रस्तुत गरिसकेपछि यो

छलफल हुन्छ हुन्न भन्ने ढङ्गले पारित गरिसकेपछि मात्र यो अगाडि बढ्छ भन्ने लाग्छ। माननीयज्यूहरु, एउटा अर्को कुरा ख्याल गर्नु पर्ने हुन्छ। आज ३० गते हो, हामी अस्ति अलि खुशि पनि थियो। यो बजेट पास भएन भने यो जवाफ कले दिने हुन्छ? यो बजेट पास गर्न सकिएन भने यसको जवाफ कले दिने हुन्छ त्यसकारण यसलाई पनि मध्यनजर गरेर अब माननीयहरुले प्रतिपक्षले उठाएका प्रश्नहरु जे छन् मलाई लाग्छ आधिघण्टा भित्र तपाईहरूले छलफल चलाएर यसलाई सहमतिको रूपमा लैजानको लागि मैले आधि घण्टाको लागि यो वैठक यहीँ स्थगित गर्छु। हस् धन्यवाद।